# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः ४ | संख्याः ९७ | मितिः २०८३।०६।२२ गते

### भाग – २

### नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (दोस्रो संशोधन)कार्यविधि, २०८३

कार्यपालिकामा पेश मितिः २०८२।०९।१६ गते
कार्यपालिकाबाट पारित मितिः २०८२।०९।१६ गते
प्रमाणिकरण मितिः २०८२।०९।१६ गते
राजपत्रमा प्रकाशित मितिः २०८२।०९।२४ गते
पहिलो संशोधन मितिः २०८३।०२।२९ गते
दोस्रो संशोधनः २०८३।०६।२२ गते

प्रस्तावनाः नेपालमा रहेको चरम गरिबीलाई कम गर्न तथा लोकतान्त्रिक, न्यायिक, समतामूलक एवं दिगो समाजिक विकास निर्माणका लागि नेपाल सरकारले गरिबी निवारण कोष स्थापना गरी समाजमा रहेका गरिब तथा पिछडिएको वर्गको सक्रिय सहभागीतामा गरिबी निवारण सम्वन्धी कार्यक्रम सञ्चालन गराउन र गरिबी निवारणमा संलग्न सामुदायिक संस्थाहरुलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराई मुलुकवाट गरिबी निवारण गर्न गरिबी निवारण कोषद्वारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वधार विकास आयोजना सञ्चालन सम्बन्धी सामान्य मार्गदर्शन,२०७५ कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद १५ को दफा १०२ उपदफा १ र २ बमोजिम नौगाड गाउँ कार्यपालिकाले गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२ बनाई दोस्रो संशोधन गरेको छ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

## परिच्छेद -१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (दोस्रो संशोधन)कार्यविधि, २०८३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

**(क) "गरीबी निवारण कोष"** भन्नाले गरीबी निवारण कोषवाट अनुसूची (१) बमोजिमको सामुदायिक संस्थाहरुलाई आय आर्जनको लागि उपलब्ध गराएको घुम्ती कोष रकम सम्झनु पर्छ ।

**(ख) "सहकारी संस्था"** भन्नाले सहकारी ऐन, २०७४ र नौगाड गाउँपालिकाको सहकारी ऐन पहिलो संशोधन, २०८० अनुसार दर्ता भई कृयासिल सहकारी संस्थाहरुलाई सम्झनु पर्छ ।

**(ग) "विनियम"** भन्नाले नौगाड गाउँपालिकाको सहकारी ऐन, २०८० को दफा (१७) बमोजिम सम्बन्धित सहकारी संस्थाको स्वीकृत विनियम सम्झनु पर्छ ।

**(घ) "गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समिति"** भन्नाले यस कार्यविधिको दफा (११) बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

**(ङ) "अनुगमन समिति"** भन्नाले यस कार्यविधिको दफा १३ वमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

**(च) "सदस्य"** भन्नाले सहकारी संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति वा सामुदायिक संस्थालाई सम्झनु पर्छ।

**(छ) "समिति"** भन्नाले सहकारी संस्थाको संञ्चालक समिति सम्झनु पर्छ ।

**(ज) "गाउँपालिका"** भन्नाले नौगाड गाउँपालिका सम्झनु पर्छ ।

**(झ) "कार्यपालिका"** भन्नाले नौगाड गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ञ) **"कार्यालय"** भन्नाले नौगाड गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ ।

**(ट) "कार्यविधि"** भन्नाले नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधि, २०८२ सम्झनु पर्छ ।

**(ठ) "अध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

**(ड) "उपाध्यक्ष"** भन्नाले नौगाड गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

**(ढ) "प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नौगाड गाउँ कार्यपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

**(ण) "शाखा प्रमुख"** भन्नाले नौगाड गाउँ कार्यपालिकाको सहकारी शाखा प्रमुख सम्झनु पर्छ ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

**(त) "सामुदायिक संस्था"** भन्नाले साविकमा गरिवी निवारण कोषले निर्माण गरेका अनुसूची १ बमोजिमका सामुदायिक संस्थाहरुलाई सम्झनु पर्छ ।

**(थ) "घुम्ती कोष"** भन्नाले सामुदायिक संस्थाहरुमा गरिवी निवारण कोष र बचतकर्ताहरुले जमा गरेको रकम सम्झनु पर्छ ।

**(द) "सूचिकरण"** भन्नाले गरीबी निवारण कोषबाट गठन गरीएका सामुदायिक संस्था गाउँपालिकामा सूचिकरण गर्ने भन्ने सम्झनु पर्छ ।

**(ध) "सकृय सहकारी संस्था"** भन्नाले सहकारी ऐन र विनियम बमोजिम सञ्चालनमा रहेका सहकारी संस्थालाई सम्झनु पर्छ ।

## परिच्छेद २
## उद्देश्य

**३. उद्देश्यः कार्यविधिका उद्देश्य निम्न अनुसार हुनेछन् ।**

(क) गरीबी निवारण कोषवाट आयआर्जनको लागि उपलब्ध घुम्तीकोष अनुदान रकमलाई व्यवस्थित गरीसामुदायिक संस्थाहरु एवं त्यहाँ रहेका घुम्ती कोषको दिगो र प्रभावकारी परिचालन गर्ने ।

(ख) छरिएर रहेको पूँजीलाई सहकारीको माध्यमवाट एकिकृत गरी परिचालन गर्ने ।

(ग) खराव कर्जा असुल उपर गर्ने ।

(घ) कोषको अवस्था अध्यावधिक गर्ने ।

(ङ) कोष परिचालनमा प्रभावकारीता ल्याउने ।

(च) खराब कर्जा अपलेखन गर्ने ।

## परिच्छेद ३
## सामुदायिक संस्था व्यवस्थापनका क्षेत्र

**४. सामुदायिक संस्थाकै मान्यतामा संस्था सञ्चालन हुनेः** (१) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम सामुदायिक संस्थाकै मान्यतामा संस्थाहरु सञ्चालन हुनेछन् ।

स्पष्टिकरणः उद्देश्य अनुरुप भन्नाले समूहहरुको बैंकिङ्ग कारोवारको नियमितता, समूह सदस्यहरुको ग्राहक पहिचान अध्यावधिक (केवाइसी अपडेट), उद्देश्य अनुरुप ऋण लगानी तथा असुली, चुस्त दुरुस्त लेखा प्रणाली र समूह सदस्यहरुको आयआर्जन वृद्धिको गणितिय मापन समेतलाई बुझाउँछ ।

**५. सहकारी संस्थामा आवद्धताः** (१) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भइरहेको अवस्थामा समूहको निर्णय वमोजिम सकृय सहकारी संस्थामा सदस्यता लिई आवद्ध गर्न सकिनेछ ।

****६. सामुदायिक संस्थाको गठन,दर्ता तथा नविकरणः**

(१) गरीबी निवारण कोषद्धारा प्रवर्द्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना सञ्चालन सम्बन्धी सामान्वय मार्गदर्शन २०७५, गरिबी निवारण कोष ऐन २०६३, गरीबी निवारण कोष नियमावली २०६४ तथा कार्यविधिहरुको परिधिभित्र रहि सामुदायिक संस्थाहरुको गठन गर्न सकिनेछ।

(२) विधान बमोजिम गठित सामुदायिक संस्थाहरुले देहायको विवरण खुलाई सामुदायिक संस्थाको विधानको दुई प्रति तोकिएको दस्तुर सहित स्थानीय अधिकारी समक्ष अनुसुची (४) बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्दछ ।

क) सामुदायिक संस्थाको नाम

ख) उदेश्यहरु

ग) तदर्थ/कार्य समितिका सदस्यहरुको नाम ,ठेगाना

घ) आर्थिक स्रोत

ङ) सामुदायिक संस्था रहने ठेगाना

च) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि

छ) सामुदायिक संस्थाको विधान (कार्य समितिका सदस्यहरु सबैले प्रस्तावित विधानको तल माथि हस्ताक्षर गरेको)

३ ) उपदफा (२) बमोजिमको निवेदन प्राप्त भएपछि स्थानीय अधिकारीले सम्बन्धित निकाय मार्फत सामुदायिक संस्थाका कार्य समितिका पदाधिकारी र सदस्यहरुको चारित्रिक विवरण समेत आवश्यक जाँचबुझ गरी स्थानीय अधिकारीले संस्था दर्ता गर्न उचित ठानेमा निर्णय गरेमा स्थानीय अधिकारीले संस्था दर्ता गरी अनुसुची ५ बमोजिमको ढाँचामा प्रमाण पत्र दिनेछ ।

४) उपदफा (३) बमोजिम दर्ता हुने सामुदायिक संस्थाको विवरण अनुसुची ६ बमोजिमको ढाँचामा कार्यालयले दर्ता किताब खडा गरी अभिलेख राख्नु पर्नेछ ।

५) उपदफा ३ बमोजिम स्थापना भएको सामुदायिक संस्था नवीकरणका लागि संस्थाको कार्य समितिको निर्णय सहित कार्यविधि वा कार्यालयले आवश्यक भनि तोकेको कागजातहरु संलग्न राखि नविकरण दस्तुर बुझाई स्थानीय अधिकारी समक्ष प्रत्येक सामुदायिक संस्थाले आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र अनुसुची ७ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्दछ ।प्रत्येक सामुदायिक संस्थाहरुले आर्थिक वर्ष समाप्त भएको महिना भित्र नवीकरण गरी सक्नु पर्नेछ ।यस पश्चात ३ महिना भित्र नवीकरण गरेमा नवीकरण शुल्कको २५ प्रतिशत र सो भन्दा पछि ५० प्रतिशत थप शुल्क लिइनेछ ।

६) सामुदायिक संस्था दर्ता तथा नवीकरण गर्दा लाग्ने दस्तुर र शुल्क नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन कार्यविधिले निर्धारण गरे बमोजिम तिर्नु पर्नेछ ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०८२

****७. सामुदायिक संस्था दर्ता तथा नवीकरण शुल्क सम्बन्धमा :** (१) दफा ६ को उपदफा ३ बमोजिम दर्ता हुन आउने सामुदायिक संस्थाहरुले पहिलो पटक दर्ता हुँदा रु १००० (एक हजार) रुपैंया दर्ता शुल्क बाफतको रकम गाउँपालिकालाई तिर्नु पर्नेछ ।

(२) दफा ६ को उपदफा ५ बमोजिम नवीकरण हुन आउने सामुदायिक संस्थाहरुले प्रत्येक आर्थिक बर्ष समाप्त भएको २ महिना भित्र <u>अनुसुची ७</u> बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिई नवीकरण गरी सक्नु पर्नेछ ।यसरी नवीकरण गर्दा नवीकरण शुल्क बाफतको रकम रु ५०० (पाँच सय) रुपैंया नवीकरण शुल्क कार्यालयलाई बुझाउनु पर्नेछ।

**८. *सम्पर्क व्यक्ति तोक्नेः** (१) कार्यालयले सहकारी संस्था तथा सामुदायिक संस्थालाई कोष व्यवस्थापनमा सहजीकरण गर्न कुनै कर्मचारीलाई सम्पर्क व्यक्ति तोक्नु पर्नेछ ।

*(२) उद्देश्य अनुरुप समूह र कोष सञ्चालन भईरहेको वा कोषको सञ्चालनमा सामुदायिक संस्थाहरुलाई कठिनाई भईरहेको अवस्थामा समूहको निर्णय बमोजिम गाउँपालिका भरि कार्यक्षेत्र भएका सकृय सहकारी संस्थाको छनौट गरी समूह र कोषको परिचालन गर्न सकिनेछ ।

*(३) माथि उल्लेखित दफा ४ र ५ अनुसारको सहकारी संस्थामा गरिबी निवारण कोषबाट प्राप्त घुम्ती कोष रकमलाई बिउँ पूँजीको रुपमा जमा गर्न सकिनेछ ।यस रकमलाई शेयर र बचतको रुपमा रकमान्तर गर्न पाईने छैन ।

*(४) सहकारी सम्बन्धी अन्य व्यवस्थाहरु सहकारी दर्ता दिग्दर्शन २०७४ को अनुसूची १६ बमोजिम तयार गरिएको बिनियम बमोजिम हुनेछ ।

## परिच्छेद ४
## कोष व्यवस्थापन

**९. घुम्ती कोषको व्यवस्थापनः** (१) गरीबी निवारण कोषवाट आयआर्जनको लागि सामुदायिक संस्थाहरुलाई उपलब्ध अनुसूची १ वमोजमको घुम्ती कोष रकमलाई गरीबी निवारण कोषद्वारा पर्वद्धित सामुदायिक संस्था तथा साना पूर्वाधार विकास आयोजना सञ्चालन सम्वन्धी सामान्य मार्गदर्शन २०७५ को २.३ वमोजिम अक्षय कोषको रुपमा मात्र परिचालन गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको रकमलाई सामुदायिक संस्था वा सहकारी संस्थामा गरीबी निवारण कोषकै नामवाट सञ्चालन गर्नु पर्नेछ । सो रकमलाई जुन सामुदायिक संस्थाको नामवाट जति रकमको कोष खडा गरिएको हो सो वरावरको रकम सो सामुदियिक संस्थाका सदस्यहरुलाई लगानी गर्न वाधा पर्ने छैन । तर पुनः एक वर्ष भित्रमा सोही वरावरको रकम उक्त कोषमा फिर्ता भएको ग्यारेन्टी हुनु पर्नेछ ।

(३) अनुसूची (१) वमोजिमको घुम्ती कोष रकम हिनामिना भएको वा भाका भित्र ऋण असुली नभएको पाइएमा सम्वन्धित पक्षवाट सरकारी वाँकी सरह असुल उपर गरी सोहि कोषमा जम्मा गर्नु पर्नेछ ।यदि ऋणी वसाई सराई गरी गएको भए सोहि स्थानवाट र ऋणीको मृत्यु भएको भए उसको जायजेथावाट असुर उपर गर्नु पर्नेछ ।

(४) उद्देश्य अनुरुप लगानी भएको तर प्राकृतिक विपत्तीको कारण व्यवसाय टाँट पल्टेको, निर्धारित उद्देश्य वमोजिम लगानी भएको तर ऋणीको मृत्यु भई हकवाला कोहि नभएको र ऋणीको नाममा कुनै जायजेथा नभएको अवस्थामा घुम्ती कोष रकम लगानी भई नउठ्ने अवस्था भएमा अनुसूची (२) वमोजिमको प्रकृया पुरा गरी गाउँ कार्यपालिकाले अपलेखन गर्नु पर्नेछ ।

**१०. सामुदायिक संस्थाको साझेदारी रकम व्यवस्थापनः** १) गरीबी निवारण कोषवाट आयआर्जनको लागि सामुदायिक संस्थाहरुलाई उपलब्ध अनुसूची १ बमोजिमको घुम्ती कोष रकममा सामुदायिक संस्थाहरुको १० प्रतिशत साझेदारी रकमलाई सामुदायिक संस्थाको निर्णय वमोजिम लगानी गर्न सकिनेछ ।

**११. सामुदायिक संस्थाको बचत व्यवस्थापनः** (१) गरीबी निवारण कोष कार्यक्रम लागु भएदेखि हालसम्मको सामुदायिक संस्थाको सदस्यहरुको बचत रकमलाई दफा (४) वमोजिम हुने सामुदायिक संस्थाहरुको हकमा हालकै अवस्थामा सञ्चालन गर्नु पर्नेछ ।

**१२. सामुदायिक संस्थाको अन्य आम्दानी व्यवस्थापनः** (१) गरीबी निवारण कोष कार्यक्रम लागु भएको हालसम्मको सामुदायिक संस्थाको अन्य आम्दानी रकमलाई दफा (४) वमोजिम सञ्चालित हुने सामुदायिक संस्थाहरुको हकमा हालकै अवस्थामा सञ्चालन गर्नु पर्नेछ ।

**१३. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिः** (१) गरीबी निवारण कोषवाट प्राप्त घुम्ती कोष रकमलाई व्यवस्थित गर्नको लागि तपसिल वमोजिम घुम्ती कोष व्यवस्थापन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिकाको उपाध्यक्ष | सदस्य |
| (ग) विषयगत समितिको संयोजक | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) संयोजकद्वारा मनोनित सहकारी संस्थाका अध्यक्ष मध्ये २ जना | सदस्य |
| (च) सहकारी शाखा प्रमुख वा सम्पर्क व्यक्ति | सदस्य सचिव |

**१४. गाउँपालिका स्तरीय घुम्ती कोष व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) एकिकृत तथ्याङ्कहरु संकलन गर्न लगाउने ।

(२) सहकारी संस्थामा समूहहरुलाई आवद्ध गराउने हो भने सो को एकिकृत विवरण तयारी गर्न लगाउने ।

(३) हिनामिना भएको वा भाका भित्र ऋण असुली नभएको अवस्थामा सरकारी वाँकी सरह असुल उपर गर्ने ।

(४) खराव कर्जा अपलेखनका लागि आवश्यक प्रकृया पूरागरी गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

(५) गरिबी निवारण कोष व्यवस्थापन सम्बन्धी अभिमूखिकरण गर्ने ।

(६) गरिबी निवारण कोष सम्बन्धी प्रतिवेदन ३/३ महिनामा गाउँ कार्यापालिकामा पेश गर्ने ।

(७) गरिबी निवारण कोष व्यवस्थापन प्रकृयामा आएका बाधा अवरोध फुकाउन गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

**१५. अनुगमन समितिः** (१) घुम्ती कोष रकम व्यवस्थित भए नभएको विषयमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडाको वडा अध्यक्ष | सदस्य |
| (ग) कृषि शाखा प्रमुख | सदस्य |
| (घ) सहकारी शाखा प्रमुख वा सम्पर्क व्यक्ति | सदस्य |
| (ङ) योजना शाखा प्रमुख | सदस्य सचिव |

**१६. अनुगमन समितिको काम, कर्तव्य र अधिकारः**

(१) प्रत्येक सामुदायिक संस्थाको वैठक संचलन भए नभएको हेर्ने ।

(२) हिनामिना भएको वा भाकाभित्र ऋण असुली नभएको अवस्थामा सरकारी वॉकी सरह असुल भए नभएको हेर्ने ।

(३) खराव कर्जा अपलेखनका कारणहरु पत्ता लगाउने ।

(४) सामुदायिक संस्थाका सदस्यहरु तथा संस्थाहरु सहकारीमा आवद्ध भए नभएको हेर्ने ।

(५) कोषको रकम सहकारीमा जम्मा गरे नगरेको हेर्ने ।

(६) अनुगमनको प्रतिवेदन ३/३ महिनामा घुम्तिकोष व्यवस्थापन समितिमा पेश गर्ने ।

**१७. घुम्ती कोष व्यवस्थापन सचिवालयः** (१) घुम्ती कोष रकम व्यवस्थित गर्न गाउँ कार्यपालिकामा तपसिल बमोजिमको सचिवालय रहनेछ ।

| | |
|---|---|
| (क) सहकारी शाखा प्रमुख वा सम्पर्क व्यक्ति | संयोजक |
| (ख) सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| (ग) योजना शाखा प्रमुख वा प्रतिनिधि | सदस्य सचिव |

**१८. घुम्ती कोष व्यवस्थापन सचिवालको काम, कर्तव्य र अधिकारः**

(१) सामुदायिक संस्थाहरुलाई सकृय गराउन सहयोग गर्ने ।

(२) सामुदायिक संस्थाको वैठक सञ्चालनमा सहयोग गर्ने ।

(३) ऋण असुलि तथा खराव कर्जा अपलेखनमा सहयोग गर्ने ।

(४) सामुदायिक संस्था र सहकारी संस्थाहरुको भेलाको आयोजना गर्ने ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि २०८२

(५) घुम्ति कोष व्यवस्थापन समितिले तोकेका अन्य कार्य गर्ने ।

## परिच्छेद ५
## विविध

**१९. सूचना प्रकाशन गर्नु पर्नेः** (१) गरिबी निवारण कोषको रकम मार्गदर्शन बमोजिम परिचालन र व्यवस्थापनमा सहजिकरण गर्न सहकारी संस्था छनौटको लागि कार्यालयले सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्राप्त भएको मितिले ७ दिन भित्र ईच्छुक सकृय सहकारी संस्थाहरुले अनुसूची ३ बमोजिम आवश्यक कागज पत्र सहित कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा २ बमोजिम निवेदन पेश गर्ने सहकारी संस्थामध्ये प्रत्येक वडामा कम्तिमा एक वटा सहकारी संस्था पर्ने गरी घुम्ती कोष व्यवस्थापन समितिले छनौट गरी कार्यादेश दिनेछ ।

**२०. कार्यविधिको व्याख्याः** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**२१. कार्यविधि संशोधनः** (१) घुम्तिकोष व्यवस्थापन समितिको सिफारिस बमोजिम यो कार्यविधिमा गाउँ कार्यापालिकाले आवश्यक संशोधन गर्नेछ ।

**२२. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेखित भएका कुराहरु यसै बमोजिम र उल्लेख नगरिएका कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**२३. अमान्य हुनेः** यस कार्यविधिको कुनै व्यवस्था संघीय तथा प्रदेश कानूनसँग बाँझिएमा बाँझिएको हद सम्म अमान्य हुनेछ ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हुँपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

अनुसूची-१

**दफा— १० को उपदफा १ संग सम्बन्धित**

**गरिबी निवारण कोषको घुम्तिकोष रकम**

| साविकको खार गा.वि.स. |
|---|

| सि नं | सामुदायिक संस्थाको नाम | गरीबी निवारण कोष संगको सम्झौता कोड नं | गरीवी निवारण कोष संगको सम्झौता मिति | सदस्य संख्या | घुम्तिकोषको पुरा विवरण | |
|---|---|---|---|---|---|---|
| | | | | | गरीवी निवारण कोष बाट प्राप्त रकम रु | २०६५।०७।३०।सम्म सामुदायिक संस्थामा लगानीमा रहेको घुम्तिकोष रकम जम्मा रु |
| 1 | बसिन डाडा सामुदायिक संस्था | 16.393 | 2063.3.10 | 37 | 430250 | 491978 |
| 2 | भूमीपुजन सामुदायिक संस्था | 60.066.067.20.1 | 2066.8.8 | 16 | 285100 | 330148 |
| 3 | चन्दन सामुदायिक संस्था | 16.346...1 | 2065.7.30 | 18 | 333355 | 372839 |
| 4 | चौड प्रगतिशिल | 16.078.1 | 2063.8.17 | 25 | 349585 | 392385 |
| 5 | चिनाड खोला सामुदायिक | 60.066.067.18.1 | 2066.8.8 | 13 | 305200 | 353300 |
| 6 | दल्लेख शिवविनायक | 16.047.1 | 2063.3.10 | 34 | 359430 | 405685 |
| 7 | डाडा जामिर सामुदायिक | 16.081.2 | 2063.7.10 | 38 | 602710 | 661290 |
| 8 | धार केदार सामुदायिक | 16.572...1 | 2065.11.25 | 22 | 369610 | 416814 |
| 9 | गोधानी भुमीराज सामुदायिक | 16.107.1 | 2063.7.11 | 21 | 361705 | 502565 |
| 10 | जामीर समाज सुधार | 16.235.063.064.1 | 2063.9.22 | 19 | 292800 | 409638 |
| 11 | खुपिलगाउँ महिला एकता | 16.231.063.064.1 | 2064.1.20 | 22 | 44290 | 267448 |
| 12 | लालिगुरास सामुदायिक | 16.233.063.064.1 | 2064.1.20 | 12 | 171020 | 201272 |
| 13 | लामाडेरा दुर्गा भवानी | 16.077.1 | 2064.4.22 | 30 | 331070 | 408413 |
| 14 | लटिनाथ सामुदायिक | 16.034.2 | 2064.1.20 | 15 | 108855 | 138743 |
| 15 | नौलो बिहानी सामुदायिक | 60.066.067.19.1 | 2066.8.8 | 18 | 398900 | 462060 |
| 16 | ओखलधार सामुदायिक | 16.053.1 | 2063.3.10 | 13 | 250150 | 271350 |
| 17 | परिवर्तनशिल सामुदायिक | 60.066.067.23.1 | 2066.8.8 | 19 | 383900 | 460598 |
| 18 | पारिखार सामुदायिक | 16.454.1 | 2063.9.22 | 13 | 215150 | 243485 |
| 19 | पारिमेला जगतन्नाथ | 16.574...1 | 2065.11.25 | 16 | 281600 | 322158 |

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 20 | पासारौल भुमेश्वरी | 16.453.1 | 2063.9.21 | 28 | 501377 | 568188 |
| 21 | फेरागाउँ मिलिजुली | 16.573...1 | 2065.11.25 | 9 | 153875 | 187535 |
| 22 | सालीमाण्डौ हरियाली | 16.520.2 | 2065.1.30 | 15 | 249800 | 289160 |
| 23 | सिर्जना सामुदायिक | 16.079.1 | 2063.7.10 | 9 | 122795 | 140575 |
| 24 | तल्ला सुण्डमुण्ड डाडाबाग | 16.23.3 | 2070.1.25 | 21 | 251790 | 271130 |
| 25 | ताराकोट सामुदायिक | 16.234.063.064.1 | 2063.1.20 | 27 | 440500 | 508504 |
| 26 | ठेउके इजर सामुदायिक | 60.066.067.15.1 | 2066.8.8 | 15 | 237850 | 283286 |
| 27 | ठुलाईजर मालिकार्जुन | 16.232.063.064.1 | 2064.1.20 | 23 | 356920 | 447365 |
| **जम्मा** | | | | **548** | **8189587** | **9807912** |

साविकको इयरकोट गा.वि.स

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | अधेकी भवानी सामुदायिक | 16.059.1 | 2063.7.10. | 12 | 185400 | 259141 |
| 2 | बरभगे सामुदायिक | 16.054.1 | 2063.7.1. | 33 | 237960 | 315220 |
| 3 | भगवती रानी आयआर्जन | 16.074.1 | 2063.11.30. | 27 | 558000 | 611168 |
| 4 | चुच्चाई केदारनाथ | 16.076.1 | 2063.7.10 | 18 | 195480 | 229956 |
| 5 | देउराली भट्टेधार | 16.251.063.064.1 | 22064,1,20 | 9 | 147580 | 168299 |
| 6 | देवी भगवती सामुदायिक | 16.341...1 | 2065.1.20. | 11 | 263608 | 283492 |
| 7 | गोधानी जनहित | 16.246.063.064.1 | 2064.1.20. | 8 | 112700 | 125942 |
| 8 | गोफा ब्रम्हदेव | 16.250.063.064.1 | 2064.1.20 | 13 | 184580 | 225262 |
| 9 | जात्रा सामुदायिक | 16.344...2 | 2065.1.20 | 18 | 361700 | 432140 |
| 10 | कसाड जगतन्नाथ | 16.342...1 | 2065.1.20 | 24 | 233660 | 344488 |
| 11 | लक्सेरी महादेव | 16.343...1 | 2065.1.20 | 41 | 705560 | 850948 |
| 12 | लालिगुँरास सामुदायिक | 16.060.1 | 2063.7.10 | 12 | 124820 | 163046 |
| 13 | माझथाङलिङ सामुदायिक | 16.245.063.064.1 | 2064.1.20 | 11 | 175435 | 191113 |
| 14 | पन्खाए सुर्योदय | 16.568...1 | 2065.7.30 | 12 | 212295 | 237427 |
| 15 | सल्ला सामुदायिक विकाश | 16.031.2 | 2065.1.20 | 25 | 333236 | 375186 |
| 16 | श्री देवेश्वरी सामुदायिक | 16.428.2 | 2065.10.20 | 20 | 346160 | 364592 |
| 17 | रुङरङे सिद्धविनायक | 16.345...1 | 2065.1.20 | 12 | 144280 | 177308 |
| 18 | थाङलिङ सामुदायिक | 16.039.2 | 2065.10.20 | 20 | 326800 | 329299 |
| **जम्मा** | | | | **326** | **4849254** | **5684027** |

नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

## साविकको सिप्टी गा.वि.स

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | बडालगाउँ भूमिराज | 16.253.063.064.1 | 2064.1.20 | 22 | 321050 | 371410 |
| 2 | भिड मालिकार्जुन | 16.086.1 | 2063.7.10 | 32 | 210646 | 233538 |
| 3 | चौफाल भवानी | 16.254.063.064.1 | 2064.1.20 | 17 | 262545 | 327250 |
| 4 | चोटके गवाडी | 16.330...1 | 2065.1.30. | 22 | 407095 | 476405 |
| 5 | डाँडा लालिगुँरास | 16.055...1 | 2065.1.30. | 40 | 650060 | 970955 |
| 6 | डाडावाग सामुदायिक | 16.603...1 | 2065.11.25. | 30 | 455740 | 535260 |
| 7 | दलित जनजागरण | 16.084.1 | 2065.1.30. | 31 | 294805 | 306805 |
| 8 | दलित महिला पुरुष | 16.044.2 | 2065.11.20. | 40 | 685340 | 713640 |
| 9 | दलित उत्थान सामुदायिक | 16.082.1 | 2063.7.9. | 30 | 291105 | 334104 |
| 10 | धनरास एकता | 16.255.063.064.1 | 2064.1.20. | 40 | 650895 | 711995 |
| 11 | गरीब उत्थान सामुदायिक | 16.601...1 | 2065.11.20. | 26 | 419750 | 693200 |
| 12 | घोरकट्टाया | 16.600...1 | 2066.4.20. | 20 | 325130 | 439480 |
| 13 | होपरी केदारनाथ | 16.431...1 | 2065.1.30. | 33 | 608340 | 811388 |
| 14 | जीवन जोती सामुदायिक | 16.046.1 | 2063.3.11. | 20 | 78250 | 103320 |
| 15 | केरागाउँ सामुदायिक | 16.043.1 | 2066.10.25 | 27 | 68040 | 89450 |
| 16 | किसान उत्थान | 16.434...1 | 2065.1.30. | 24 | 390915 | 469079 |
| 17 | महिला पुरुष एकता | 16.085.1 | 2063.7.10 | 29 | 248920 | 289030 |
| 18 | मल्लामट्टे भुरभूरे | 16.433...1 | 2065.1.30. | 40 | 603316 | 762479 |
| 19 | मिलिजुली सामुदायिक | 16.604...1 | 2065.11.25 | 32 | 567400 | 611450 |
| 20 | नाला प्रगतिशिल | 16.741...1 | 2065.11.20. | 26 | 459300 | 495715 |
| 21 | सल्लेबगड टटे सामुदायिक | 16.602...1 | 2065.11.25 | 10 | 130800 | 122500 |
| 22 | सल्याड भैरवनाथ | 16.252.063.064.1 | 2064.1.20 | 40 | 388800 | 442065 |
| 23 | सेलाबगड समौजी | 16.083.1 | 2063.7.10 | 16 | 231270 | 255980 |
| 24 | थोतरेखाली नवदुर्गा | 16.256.063.064.1 | 2064.1.20 | 30 | 370850 | 431120 |
| **जम्मा** | | | | **677** | **9120362** | **10997618** |

## साविकको धुलिगडा गा.वि.स

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1 | बिनायक सामुदायिक | 16/363 | 2/8/2065 | 33 | 404900 | 535800 |
| 2 | कोइलि सामुदायिक | 16/498 | 2/8/2065 | 19 | 225450 | 259125 |
| 3 | लालीगँरास सामुदायिक | 16/363 | 2/8/2065 | 33 | 261920 | 310967 |
| 4 | सल्याडी सामुदायिक | 16/378/2 | 3/8/2063 | 30 | 131450 | 131450 |
| 5 | देबी सामुदायिक | 16/682 | 4/22/2066 | 15 | 238520 | 396240 |
| 6 | भूमिराज डाडा सामुदायिक | 16/417/1 | 3/13/2063 | 35 | 222830 | 222830 |
| 7 | एगरभगे सामुदायिक | 16/683 | 4/22/2066 | 33 | 325920 | 368200 |
| 8 | प्रगतिशिल सामुदायिक | 16/685 | 4/22/2066 | 27 | 382898 | 382898 |
| 9 | खालिडाँडा सामुदायिक | 16/681 | 4/22/2066 | 18 | 222383 | 397766 |
| 10 | रानीवन सामुदायिक | 16/684 | 4/22/2066 | 33 | 473220 | 473220 |
| 11 | कपडे सामुदायिक | 16/500 | 2/8/2065 | 30 | 411910 | 640695 |
| 12 | शिखर सामुदायिक | 16/845/1 | 2/22/2067 | 12 | 194350 | 194350 |
| 13 | नौगडे दलित सामुदायिक | 16/418/1 | 3/13/2063 | 16 | 106450 | 179850 |
| 14 | डाँफे सामुदायिक. | 16/110 | 7/10/2063 | 15 | 242460 | 360920 |
| 15 | हिमाल सामुदायिक | 16/111 | 7/10/2063 | 15 | 198833 | 163833 |
| 16 | खर्केधार सामुदायिक. | 16/120 | 12/1/2063 | 22 | 197506 | 197506 |
| 17 | मल्लासैन सामुदायिक | 16/112 | 7/10/2063 | 20 | 193500 | 281550 |
| 18 | जमना सामुदायिक | 16/147 | 11/29/2063 | 16 | 151113 | 162187 |
| 19 | सिद्धनाथ सामुदायिक | 16/846/1 | 2/22/2067 | 16 | 314700 | 358200 |
| 20 | जनहित स्वावलम्बी | 16/112 | 7/10/2063 | 14 | 108326 | 111326 |
| 21 | समौजी सामुदायिक | 16/162.1 | 2/8/2065 | 29 | 374769 | 377369 |
| 22 | रातोमाटो सामुदायिक | 16/113 | 7/10/2063 | 22 | 175742 | 229377 |
| 23 | धौलोटे सामुदायिक | 16/114/1 | 7/10/2063 | 22 | 228746 | 307746 |
| 24 | चौबाटो सामुदायिक | 16/499 | 2/8/2065 | 19 | 191000 | 229000 |
| | | | | | | |
| **जम्मा** | | | | **544** | **5978896** | **7272405** |
| ९३ | **कुल जम्मा** | | | **2095** | **23288845** | **3637675** |

# अनुसूची-२

## (दफा ९ को उपदफा ४ संग सम्वन्धित)

## खराब कर्जा अपलेखनका प्रकृयाहरु

१. सामुदायिक संस्थाको खराव कर्जा,अपलेखन गर्ने वैठकको निर्णय (के कारणले अपलेखन गर्नु पर्ने हो) ।

२. ऋणिले ऋण तिर्न नसक्ने टोलस्तरीय मुचुल्का ।

३. वडाको सिफारिस ।

४. अनुगमन समितिको सिफारिस ।

५. गाउँपालिका स्तरीय घुम्तीकोष व्यवस्थापन समितिको निर्णय र सिफारिस ।

६. गाउँ कार्यपालिकाको निर्णय ।

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

## *अनुसूची-३

### (दफा १९ को उपदफा २ संग सम्बन्धित)

### निवेदनको ढाँचा

श्री संयोजक ज्यू
घुम्ती कोष व्यवस्थापन समिति
नौगाड गाउँपालिका, दार्चुला

बिषयः गरिबी निवारण कोषको घुम्ती कोष व्यवस्थापन सम्बन्धमा ।

प्रस्तुत विषयमा गरिबी निवारण कोषबाट नौगाड गाउँपालिकाका ६ वटै वडाहरुमा (साविकका ईयरकोट, खार, सिप्टी र धुलिगडा गा.वि.स.) गठन गरिएका ९७ वटा सामुदायिक संस्थाहरुमा लगानी भएको र हाल सकृय भएको तथा नभएको कोषको अवस्था खोजी गर्ने, सामुदायिक संस्था नविकरण गर्ने र कोषको मार्गदर्शन बमोजिम परिचालन गर्ने कार्यमा सहजीकरण गर्न ईच्छुक भएकोले तपसिल बमोजिमका कागजात सहित यो निवेदन पेश गरिएको छ ।

आवश्यक कागजातहरुः

१. सहकारी संस्थाको निवेदन पत्र ।
२. सहकारी संस्थाको सञ्चालक समितिको निर्णयको प्रतिलिपि ।
३. सहकारी संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि ।
४. गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।
५. सहकारी संस्थाको बिनियमको प्रतिलिपि ।

निवेदकः
सहकारी संस्थाको नाम, ठेगानाः ....................
अध्यक्ष/प्रबन्धकको नामः .............................
दस्तखतः ..........................
मितिः ........................
सम्पर्क नं.: .........................

** ⁎अनुसूची-४

(दफा ६ को उपदफा २ संग सम्बन्धित)

निवेदनको ढाँचा

श्रीमान स्थानीय अधिकारी ज्यू ।
नौगाड गाउँ कार्यपालिकाको कार्यालय,
होपरीगाड, दार्चुला।

विषय : सामुदायिक संस्था दर्ता गरी पाउँ ।

महोदय

यस नौगाड गाउँपालिकाको वडा नं ........... को .................. टोलमा स्थापना गरिएको ................. सामुदायिक संस्थालाई नौगाड गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गरी दिन हुन अनुरोध गर्दछु ।यस संस्थाको विधान र अन्य आवश्यक कागजात साथै निवेदन साथ संलग्न गरिएको छ ।

निवेदक
अध्यक्ष

तपशिल :-

१.सामुदायिक संस्थाको नाम :-
२.सामुदायिक संस्थाको स्थान तथा ठेगाना:-

संलग्न कागजातहरु:-

१.संस्थाको विधान
२.वडा कार्यालयको सिफारिस
३.सञ्चालक समितिका पदाधिकारीहरु प्रत्येकको नागरिकताको प्रतिलिपि

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

**

*अनुसूची-५

(दफा ६ को उपदफा ३ संग सम्बन्धित)

प्रमाण पत्रको ढाँचा

नौगाड गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

होपरीगाड ,दार्चुला

सुदूरपश्चिम प्रदेश ,नेपाल

दर्ता नं: ...............

दर्ता मिति: ...........

सामुदायिक संस्था दर्ता प्रमाण पत्र

श्री................................

............................................ ।

नौगाड गाउँपालिकाको गरीबी निवारण कोष व्यवस्थापन कार्यविधि २०८२ को दफा (६) बमोजिम सामुदायिक संस्था दर्ता गरी यो प्रमाण -पत्र प्रदान गरिएको छ ।प्रचलित कानुनको अधिनमा रहि सार्वजनिक हित र सामुदायिक संस्थाको विधानमा निर्धारित उदेश्य बमोजिम आफ्ना गतिविधिहरु सञ्चालन गर्न/गराउन हुन गाउँ कार्यपालिकाको कार्यालय हार्दिक अनुरोध गर्दछ ।

सामुदायिक संस्थाको नाम :-

सामुदायिक संस्थाको ठेगाना कार्य क्षेत्र :-

प्रमाण पत्र जारी गर्नेको सही :

नाम:-

पद:-

मिति:-

कार्यालयको छाप:-

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

## प्रमाण पत्रको पछाडिको भागमा रहने

### नविकरण

| नवीकरणका लागि तिरेको रसिद नं | नवीकरण दस्तुर | नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र बहाल रहने अवधि | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२

**

*अनुसूची-६

(दफा ६ को उपदफा ४ संग सम्बन्धित)

<u>स्थानीय संस्था दर्ता किताब तथा अभिलेख</u>

| दर्ता नम्बर | दर्ता मिति | संस्थाको नाम र ठेगाना | संस्थाको कार्यक्षेत्र | संस्थाको उदेश्य | संस्थाका पदाधिकारीको नाम | संस्थाका पदाधिकारीको सम्पर्क नम्बर | संस्था दर्ता गर्ने स्थानीय अधिकारीको हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|

नौगाड गाउँपालिकाको गरिबी निवारण कोष व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८२


प्रमुख प्रशासकीय अधिकृत

**

*अनुसूची-७

(दफा ६ को उपदफा ५ संग सम्बन्धित)

सामुदायिक संस्था नवीकरणका लागी निवेदन

श्रीमान स्थानीय अधिकारी ज्यू
नौगाड गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला ।

विषय :- सामुदायिक संस्था नवीकरण गरी पाउँ ।

महोदय

यस नौगाड गाउँपालिका वडा नं ...............को ..................टोलमा स्थापना भई दर्ता भएको ............................ सामुदायिक संस्थालाई **नौगाड गाउँपालिका सामुदायिक संस्था गरीबी निवारण कोष व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२** बमोजिम नवीकरण गरी दिन हुन अनुरोध गर्दछु ।साथै सामुदायिक संस्था नवीकरणका लागी आवश्यक देहायका कागजात साथै निवेदन साथ संलग्न गरिएको छ ।

निवेदक
अध्यक्ष

तपशिल :-

१-सामुदायिक संस्थाको नाम :-
२-सामुदायिक संस्थाको स्थान ,ठेगाना:-

संलग्न आवश्यक कागजातहरु

१.संस्थाको विधान
२.वडा कार्यालयको नवीकरणका लागि सिफारिस गरेको पत्र
३. कार्य समितिको नवीकरण गर्ने सम्बन्धी निर्णयको छाँयाकपी
४. संस्थाको लेखा परीक्षण प्रतिवेदन
५.संस्थाको कर चुक्ता प्रमाण पत्र
६.नवीकरण दस्तुर तिरेको रसिद आज्ञाले,

आज्ञाले,
पुष्कर सिह धामी
प्रमुख प्रशासकीय अधिकृत

* पहिलो संशोधन
** दोस्रो संशोधन